
# मेची नगर नगरपालिका कार्यालय

## ईटाभट्टा,झापा

आ.व. २०७२/०७३ को

# लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण

## प्रतिवेदन तथा कार्ययोजना (आ.व. २०७३/०७४ )




**तयार पार्ने**

नेपाल करियर ट्रेनिङ्ग फाउण्डेशन

काठमाण्डौ महानगरपालिका ३१ (बागबजार)

फोन नं ९७७१२००४७४७, ४२६५६३७

Email: ctfnepal@gmail.com

Website: www.ctfnepal.com

# विषय सूची

| | |
|---|---|
| ५. लैङ्गिक उत्तरदायी तथा सामाजिक बजेट परीक्षण विधि | iv |
| ६. परीक्षणका प्रक्रियाहरू | iv |
| १. तयारी चरण | iv |
| २. कार्यान्वयन चरण | v |
| ३. प्रतिवेदन चरण | v |
| २.१. लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परिक्षण तथा विश्लेषण | 1 |
| २.२ सुचक तथा उप सुचकको आधारमा प्राप्ताङ्क | 8 |
| २.३ माकुरी जालोको चित्रद्वारा प्रस्तुति | ९ |
| २.४ सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु | १० |
| २.६ लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना | 23 |

| | |
|---|---|
| तालिका १ : लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण विधि | १ |
| तालिका २ : सुचक तथा उप–सुचकहरूको आधारमा प्राप्ताङ्क | ८ |
| तालिका ३ : सबल पक्ष र सुधार गर्नु पर्ने पक्ष | १० |
| तालिका ४ : लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना | २३ |
| अनुसुची : १ **कार्यक्रममा तस्वीरहरु** | |

## १. सार सक्षेप

महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनःसंरचना गर्ने' प्रावधान छ । साथै राज्य संरचनाका सबै अङ्गहरूमा मधेशी, दलित, आदिवासी जनजाति, महिला, पिछडावर्ग, मजदूर, किसान अपाङ्गता भएका व्यक्ति, पिछडिएको समुदाय तथा क्षेत्र सबैलाई समानुपातिक समावेशीका आधारमा सहभागी गराउने व्यवस्था नेपालको संविधान, २०७२ मा समेत सम्बोधन गरेको छ । यसैगरी त्रिवर्षीय योजना नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्यहरु र विभिन्न कानूनी दस्तावेजहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई सम्बोधन गर्दै राष्ट्रिय प्राथमिकता दिईएको छ ।

हाम्रो देश नेपाल वहुजातिय, वहुधार्मिक एवम् वहुसांस्कृतिक विविधता भए पनि एकताको देश हो । प्रत्येक समुदाय, जातजातिहरुको समानुपातिक, सन्तुलित र न्यायसंगत प्रगति हुन सके मात्रै मुलुकमा दिगो शान्ति र उन्नतिको प्रत्याभूती गर्न सकिन्छ। सामाजिक न्यायको दृष्टिकोणले लैङ्गिक समता/समानता तथा सामाजिक समावेशिकरण आजको जल्दोवल्दो विषय हो । लैङ्गिक सामानता तथा सामाजिक समावेशिकरणको मुद्धालाई सम्वोधन नगरिएको विकास अपूर्ण हुन्छ भन्ने तथ्य सावित भैसकेको अवस्था छ । भौगोलिक विकटता, अपाङ्गता, जातजाति, बालबालिका तथा वृद्धवृद्धा भएको र त्यस भित्र पनि महिला नै भएको कारण विकासको मुलधारवाट बाहिर परेका वा पारिएकाहरुको वास्तविक अवस्था र आवस्यकताको पहिचान गरि उनीहरुलाई विकासको मुलधारमा ल्याउनु आजको आवश्यकता हो ।

त्यसैले समाजमा विद्यमान लैङ्गिक, जातिय असमानता,बिभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण महिला वेचविखन तथा उत्पीडन गरिवी आदि जस्ता बिसंगतिहरुलाई निरुत्साहित गर्न नेपाल सरकारद्धारा राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त विभिन्न प्रतिबद्धताहरुलाई कार्यान्वयन गर्ने प्रयासलाई निरन्तरता दिदै सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको सहयोग परिचालन गरि उल्लेख्य कार्यहरु भएका छन्।

महिला, वालवालिका, पछाडि परेका वर्गहरुलाई विकासको मूल प्रवाहमा ल्याई समावेशी विकास गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा त्यस अन्तर्गत मेचीनगर नगरपालिकाले विगतका वर्षहरुदेखि स्थानिय स्तरमा तयार भई कार्यन्वयनमा आएका नीति, कार्यक्रम तथा वजेटलाई लैङ्गिक संवेदनशिल तथा समावेशी बनाउन प्रयास गरिरहेको छ । नगरपालिकासंग सहकार्य गर्ने विभिन्न संघसंस्थाहरु, यसका साझेदारहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुद्धारा संचालन भएका कार्यक्रमहरु लैगिक संवेदनशील तथा समावेशी हुनु पर्दछ भनि निदृष्ट लक्ष्य अनुसार आवश्यक समन्वय तथा निर्देशन दिदै आएको छ। यसै सन्दर्भमा मेचीनगर नगरपालिकाले विगत आ.व २०७२/०७३ मा संचालित विभिन्न क्रियाकलापहरु लैङ्गिक हिसाबले के कस्ता थिए र उक्त कार्यहरुवाट विशेष गरि महिला वर्ग बालवालिका र लक्षित वर्ग लाभान्वित हुन सके र उक्त कार्यक्रम संचालन गर्न के कति रकम विनियोजन तथा खर्च भए विस्तृत रुपमा संस्थागत विश्लेषण तथा उक्त विश्लेषणको आधारमा आगामी दिनमा आवश्यकतामा आधारित भई कार्यक्रमहरु तय गर्न मेचीनगर नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०६६ ले प्रावधान गरेका नीतिगत व्यवस्थाहरू र स्थानीय निकाय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवम् परीक्षण निर्देशिका २०६८ को अधिनमा रही मिति २०७३ साल मंसिर १९ र २० गते सस्थाको लैङ्गिक वजेट परिक्षण सम्पन्न गरेको छ।

## २. अध्ययनको महत्व

नगरपालिकामा बसोबास गर्ने सबै जातजाती वर्गमा विकासको प्रतिफल पुराउने कार्यमा नगरपालिकाको महत्वपुर्ण भूमिका रहेको हुन्छ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ ले महिला, जनजाती, आदिबासी, दलित, सामाजिक, आर्थिक रुपमा फाईदाबाट बञ्चित समूहहरुको सहभागितालाई बढाएर विकासको प्रक्रियालाई संस्थागत गर्ने पक्षमा जोड दिएर आफ्नो क्षेत्रको विकासका लागि साधनहरुको परिचालन र बाँडफाँडद्धारा सामाजिक समानता ल्याउने उदेश्य राखेको छ । सोही अनुसार स्थानीय निकायले कार्य गर्दै आईरहेको छ ।

स्थानीय निकायको गहन जिम्मेवारीलाई बहन गर्न संस्था आफै लैङ्गिक दृष्टिकोणबाट सक्षम हुन आवश्यक छ । संस्थाको कार्यलाई बढी प्रभावकारी बनाउन संस्थामा लैङ्गिक स्थितिको पहिचान र योजनाबद्ध तवरबाट लैङ्गीक उत्तरदायी विकास प्रकृयालाई संस्थागत गर्न लैङ्गिक बजेट परिक्षण आवश्यक छ । लैङ्गिक बजेट परिक्षण प्रकृया आफैमा एउटा सहभागितामुलक स्वमूल्याङ्कन भएकोले कर्मचारी तथा पदाधिकारीहरुको व्यक्तिगत तथा संस्थागत कृयाकलापहरुलाई  लैङ्गिक समानता र महिला सशक्तिकरणको क्षेत्रमा काम गर्न उत्साह जगाउँछ । साथै यस प्रक्रियामा संलग्न कर्मचारीहरुलाई लैङ्गिक पक्षमा उत्तरदायी हुने तर्फ पनि उन्मुख गराउँदछ ।

यस प्रक्रियाले स्थानीय निकायको लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तिकरण सम्बन्धी कार्यक्रममा प्रभावकारिता बढाउन र संस्थागत अपनत्वको भावना जर्गाना गर्न पनि सघाउँने हुन्छ । परिक्षणद्धारा कार्यक्रम तथा वजेटको विश्लेषण गरी आगामी वर्षको कार्यक्रम तथा बजेटलाई लैंगिक दृष्टिकोणबाट तय गर्न तथा बजेट छुट्टयाउन समेत सघाउ पुऱ्याउँदछ ।

## ३. लैङ्गिक बजेट परिक्षणको उद्देश्यहरु

(क) स्थानीय निकायको आवधिक र बार्षिक योजनामा लैङ्गिक मूलप्रवाहीकरणलाई संस्थागत गर्न ।

(ख) समावेशीकरणको लक्ष्यलाई स्थानीय निकायको संरचना र कार्य योजनामा स्थान दिन ।

(ग) सामाजिक परिचालनको प्रक्रिया अवलम्बन गरी कार्यक्रम संचालित स्थानको लैङ्गिकपक्षबाट विश्लेषण गर्न ।

(घ) नगरपालिकाको श्रोत परिचालन, वजेट विनियोजन तथा खर्चलाई लैङ्गिक दृष्टिले अनुगमन तथा मुल्यांकन गर्ने ।

## ४. अध्यनका क्षेत्रहरु

क्षेत्र - १ स्थानीय निकायको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकासमा विश्लेषण

क्षेत्र- २ स्थानीय निकायको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण

क्षेत्र- ३ लक्षित कार्यक्रम

क्षेत्र -४ लैङ्गिक तथा समाजिक समावेशी योजना तर्जुमा, कार्यान्वियन, अनुगमन तथा मुल्यांकन

क्षेत्र - ५ नगरपालिकाको आन्तरीक संरचनाको लैङ्गिक विकास पक्षबाट विश्लेषण

क्षेत्र - ६ मानव संसाधन् र सम्वन्ध विस्तार

क्षेत्र - ७ सुशासन

क्षेत्र - ८ नेपाल सरकारका लैङ्गिक तथा सामाजिक विकासका नीति र प्रतिवद्धताहरुको कार्यान्वयन

५. लैङ्गिक उत्तरदायी तथा सामाजिक बजेट परीक्षण विधि

संस्थागत लेखाजोखाको लागि प्रयोग गरिने विधिमा नगरपालिकाको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास, लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी कार्यक्रम, आन्तरिक संरचना र मानव संसाधन, सम्बन्ध विस्तार तथा नेपाल सरकारका प्रतिवद्धताहरू गरी प्रमुख आठवटा शीर्षकहरू भित्र उपशीर्षकहरूमा छलफल गरिएको थियो । ती उपशीर्षकलाई प्रष्ट बनाउनका लागि प्रत्येक उपशीर्षकमा प्रश्नहरू राखिएका थिए । तीनै प्रश्नहरूको आधारमा नगरपालिकाका कर्मचारीहरू,राजनीतिक दलका प्रतिनिधिहरु,सामाजिक परिचालकहरु,वडा नागरिक मंच तथा नागरिक सचेतना केन्द्रकाका प्रतिनिधिहरुसँग छलफल गरिएको थियो । छलफलको आधारमा उक्त वुंदामा राम्रो देखिएमा १, मध्यम देखिएमा ०.५ र सुधार गर्नुपर्ने देखिएमा वा नभएमा ० अंकहरू प्रदान गरिएको छ ।

अन्तमा विभिन्न शीर्षकहरूमा प्राप्त अंकहरूलाई माकुरीजालोको चित्र (Spider Diagram) बनाई सहभागीहरू माझ उक्त नमुना चित्र प्रस्तुत गरिएको थियो । सो चित्रले देखाएका राम्रा पक्षहरूलाई निरन्तरता दिंदै, कमजोर पक्षहरूलाई सुधार गर्दै आगामी दिनहरूमा नगरपालिकालाई एक आदर्श तथा समावेशी निकायको रुपमा स्थापित गर्न आवश्यकताहरूको पहिचान गरी लैङ्गिक तथा सामाजिक समावेशी विकासका लागि एकिकृत कार्य योजना बनाइएको छ ।जसले लैङ्गिक तथा सामाजिक समावेशी संवेदनशीलता संस्थागत लेखाजोखा गर्न मद्धत पुर्‍याउनेछ ।

६. परीक्षणका प्रक्रियाहरू

१. तयारी चरण

नगरपालिकासंग वैठक बस्ने, लैससास परीक्षणको लागी सहभागीहरू तोक्ने, लैससास कार्यशाला गोष्ठी संचालनको लागि मिति, स्थान, समय अवधि तोकेर नगरपालिकाको दस्तावेजहरू (जस्तै बार्षिक योजना, बार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/बार्षिक समिक्षाको प्रतिवेदन, विकास वुलेटिन, विभिन्न समयमा भएका निर्णयहरू आदिको लैससासको दृष्टिकोणबाट विश्लेषण र पुनरावलोकन गरि प्रारम्भिक प्रतिवेदन तयार गरिएको थियो ।

२ ) मुख्य सूचकहरुसँगको अन्तरवार्ता

- नगरका शाखागत प्रमुखहरुसँग अन्तरवार्ता
- लक्षित समुहका पदाधिकारीहरुसँग अन्तरवार्ता

३) स्थलगत भ्रमण

- लक्षित समुहका लागि विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयन भएका ३ वटा आयोजना स्थलको भ्रमण

४. सीमा

लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षणको सिमा यस प्रकार छन् ।

- नगरका शाखागत प्रमुखहरु सँगको मौखिक छलफलमा आधारित
- केही आयोजनाहरुको अवस्थामा आधारित
- गोष्ठीका सहभागीहरुको छलफलमा आधारित ।
- विभिन्न दस्तावेजहरुको अध्ययन ।

२. कार्यान्वयन चरण

सर्बप्रथम लैङ्गिक समता तथा सामाजिक समावेशी सम्बन्धि र लैंगिक उत्तरदायी तथा सामाजिक समावेशि बजेट परिक्षण वारे सरोकारवालाहरुलाई अभिमूखिकरण कार्यक्रम संचालन गरिएको थियो । त्यसपछि नगरपालिकाका सबै वडाका सामाजिक परिचालक,संस्थाका प्रतिनिधिहरु ,वडा नागरिक मंच तथा नागरिक सचेतना केन्द्रका प्रतिनिधिहरुको सहभागितामा आठ वटा समुह बनाई लेखाजोखाको लागि निर्देशिकामा तोकिएको ढाँचा अनुसारको प्रश्नावलीहरूमा छलफल गरी अंक दिइएको थियो । लक्षित समुदायका प्रतिनिधिहरुसंग अर्न्तवार्ता लिने तथा नगरपालिकाबाट संचालन भएका आयोजनाहरुका सम्बन्धमा अवलोकन र नगरपालिका दस्तावेजहरुको अध्ययन गरिएको थियो । त्यसबाट प्राप्त नतिजालाई माकुरी जालोमा चित्रण गरी नगरपालिकाका कर्मचारी, लक्षित समूहका प्रतिनिधीहरुको भेलामा प्रस्तुतीकरण गरिएको थियो । प्रश्नावलमिा आधारित भएर छलफल गर्दा काम सम्पन्न भएकोलाई १ अंक, आंसिक सम्पन्नलाई ०.५ र कुनैपनि काम नभएकोलाई ० अंक प्रदान गरिएको थियो । पूर्णाङ्क अंक प्राप्तलाई सवल पक्ष र त्यसभन्दा कम प्राप्ताङ्कलाई सुधार गर्नुपर्ने पक्षमा राखिएको छ ।

पहिचान गरिएका सुधार गर्नुपर्ने पक्षहरूलाई समाधानं गर्ने हिसाबले कार्ययोजना तयार गरिएको छ ।यस कार्ययोजनालाई नगरपालिकाले नियमित अनुगमन गरी सुधार भएका पक्षहरूलाई माकुरी जालोमा थप्दै उपलब्धिहरूलाई आंकलन गर्नुपर्ने हुन्छ । साथै सुधार गर्नुपर्ने पक्षहरूलाई पुनः कार्ययोजना बनाई निरन्तर कार्यान्वयन गर्नुपर्नेहुन्छ ।

३. प्रतिवेदन चरण

स्थानीय निकायको लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परिक्षण निर्देशिकामा उल्लेख भएको लैससास परिक्षणको परिच्छेदमा उल्लेख भएको प्रगति प्रतिवेदनको ढाँचामा प्रतिवेदन तयार पारिएको छ । लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परिक्षण गर्दा सहभागीहरू बीच भएको छलफलबाट आएको निचोडलाई प्रतिवेदनको प्रमुख प्राप्तीको खण्डमा उल्लेख गरिएको छ ।

## परिच्छेद २

### २.१. लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परिक्षण तथा विश्लेषण

नगरपालिकाको सामाजिक उत्तरदायित्व तथा सामाजिक समावेशिकरणका क्षेत्रमा लगाव, लगानी एवम भावी सोंच तथा दृष्टीकोणको मौजुदा अवस्थाको लेखाजोखा गर्ने कानुनी प्रावधान अनुसार परिक्षण कार्य सम्पन्न भयो । स्थानीय निकायको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास, स्थानीय निकायको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण, लक्षित कार्यक्रमहरु, लैङ्गिक तथा सामाजिक समावेशी योजना तर्जुमा कार्यन्वयन, अनुगमन तथा मूल्यांकन, आन्तरिक संरचना, सुशासन, मानव संसाधन र सम्बन्ध विस्तार र नेपाल सरकारका सामाजिक समावेशीका विकासका नीति र प्रतिवद्धताहरूका कार्यन्वयन गरी कुल ८ क्षेत्रमा नगरपालिकाले आर्थिक वर्ष २०७२/७३ मा गरेका कियाकलाप एवं गतिविधिको लेखा जोखा गर्दा कूल ४९.५ अंक प्राप्त गरेको छ । क्षेत्रगत सुचकहरुको आधारमा भन्नुपर्दा सबैभन्दा उच्च अंक (९) सुशासनमा प्राप्त गरेको छ । सबैभन्दा कम अंक (४) मानव संसाधन र सम्वन्ध विस्तारमा प्राप्त गरेको छ । यस नगरपालिकाले प्राप्त गरेको अंकको आधारमा भन्नुपर्दा प्राप्त गरेको अंक सन्तोषजनक मान्न सकिन्छ । मुल्याङ्कनको नतिजालाई माकुरी जालोमा प्रस्तुत गर्दा तलको चित्र प्राप्त भएको छ । मुल्याङ्कनको विस्तृत विवरण तालिका १ मा प्रस्तुत गरिएको छ ।

तालिका १: लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण विधि

| क्र.सं. | सुचक तथा उप–सुचकहरु | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **नगरपालिकाको नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास(आवधिक र वार्षिक योजनामा)** | **१२** | **५.५** |
| १.१ | **नगरपालिकाको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास ( आवधिक र वार्षिक योजनामा)** | **४** | **१.५** |
| क | नगरपालिकाको नीतिमा महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्बन्धी स्पष्ट दीर्घकालीन सोंच वा परिकल्पना छ /छैन ? | ०–१ | ०.५ |
| ख | नगरपालिकाको उद्देश्यले महिला र पुरुष बीच समानता तथा सामाजिक समावेशीकरणका कुराहरूलाई समेटेको छ /छैन ? | ०–१ | ०.५ |
| ग | महिला र पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित कार्यनीति छ /छैन ? | ०–१ | ०.५ |
| घ | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित रणनीति छ /छैन ? | ०–१ | ०.५ |
| १.२ | **महिला पुरुष समविकास ( कर्मचारी/पदाधिकारी)** | **४** | **२** |

| | | | |
|---|---|---|---|
| क | नगरपालिकाका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, वर्ग लिङ्ग र समुदायका बिच समावेशीकरण हुने गरी कर्मचारीहरूको प्रतिनिधित्व हुन सक्ने रणनीति लिइएको छ /छैन ? | ०–१ | ०.५ |
| ख | नगरपालिकामा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छ /छैन (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति) | ०–१ | ०.५ |
| ग | **नगरपालिकाको** निर्णायक तहमा (कर्मचारी/पदाधिकारी) महिलाहरूको समान ( ५० र ५०) प्रतिनिधित्व रहेको छ/छैन | ०–१ | ०.५ |
| घ | महिला तथा पुरुष कर्मचारीहरूको संख्यामा समानता छ /छैन । ( **नगरपालिकाले** नियुक्ति गर्नेको हकमा मात्र लागु हुने) | ०–१ | ०.५ |
| १.३ | **लैङ्गिक तथा समावेशी संवेदनशील कार्य प्रणाली** | ४ | २ |
| क | महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ /छैन (गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा लगाउन नपाइने ) | ०–१ | ०.५ |
| ख | महिला र पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था छ /छैन | ०–१ | १ |
| ग | कार्यालयमा हुन सक्ने महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छ /छैन | ०–१ | 0 |
| घ | महिला माथी हिंसा भएमा तत्काल सुनुवाइको व्यवस्था छ /छैन | ०–१ | ०.५ |
| २. | **नगरपालिकाको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूल प्रवाहीकरण** | १२ | ६.५ |
| २.१ | **लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास बजेट** | ४ | २.५ |
| क | **नगरपालिकाका** पदाधिकारी/कर्मचारीहरूले लैङ्गिक तथा समावेशी विकास सम्बन्धी तालिम लिएका छन् वा छैनन् | ०–१ | १ |
| ख | तालिम/अनुशिक्षण/गोष्ठी संचालन गर्न गत वर्ष पर्याप्त रकमको व्यवस्था थियो वा थिएन (पर्याप्त रकम भन्नाले सवै पदाधिकारी/कर्मचारी देखि वडा सचिव र सामाजिक परिचालकहरू सम्मलाई तालिम दिन आवश्यक पर्ने रकम) | ०–१ | ०.५ |
| ग | त्यो तालिममा महिला र पुरुषको समान सहभागिताको सुनिश्चितता गरेको थियो वा थिएन ? | ०–१ | ०.५ |
| घ | तालिमका विषय बस्तुको प्रस्तुतीकरणमा लैङ्गिक सम्बेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ ? | ०–१ | ०.५ |
| २.२ | **क्षमता विकास कार्यक्रममा महिला पुरुष सहभागिता** | ४ | २.५ |
| क | उपभोक्ता समितिमा ३३ प्रतिशत महिलाहरूको सहभागिता छ ? | ०–१ | १ |
| ख | उपभोक्ता समितिका महिला तथा लक्षित समुहका पदाधिकारीहरूलाई तालिमको व्यवस्था छ ? | ०–१ | ०.५ |
| ग | क्षमता विकास कार्यक्रम र बजेटको बाँडफाँड तथा प्राथमिकीकरण र स्थान छनौट लागि छलफल गर्ने प्रकृयामा महिला र पुरुष सरोकारवालाहरूलाई समान रुपमा सहभागी गराईन्छ ? (वडा स्तरसम्म) | ०–१ | ०.५ |

| | | | |
|---|---|---|---|
| घ | अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरू (प्राबिधिक तालिमहरू, क्षमता विकास तालिम, भ्रमण) छन् ? सो अनुसारको बजेट विनियोजन गरिएको छ ? | ०–१ | ०.५ |
| **२.३** | **नगरपालिकाको क्षमता विकास कार्ययोजना** | **४** | **१.५** |
| क | **नगरपालिकाको** क्षमता विकास कार्ययोजना तयार गरेको छ ? | ०–१ | ०.५ |
| ख | के **नगरपालिकाको** क्षमता विकास योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको पदाधिकारी, महिला समन्वय समिति एवं लैङ्गिकतथा समावेशी सम्पर्क व्यक्तिहरूको क्षमता विकासको व्यवस्था गरेको छ ? | ०–१ | ० |
| ग | के **नगरपालिकाको** क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परिक्षण नियमित रुपमा गर्न बजेटको व्यवस्था गरेको छ ? | ०–१ | ०.५ |
| घ | उक्त परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजनाका लागि पर्याप्त बजेटको ब्यवस्था गरेको छ ? | ०–१ | ०.५ |
| **३** | **लक्षित कार्यक्रम** | **१२** | **८** |
| **३.१** | **कार्यक्रम तर्जुमा गर्दा लक्षित समूहको सहभागिता** | **४** | **३** |
| क | के **नगरपालिकाले** आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्याङ्क संकलन गर्ने गरेको छ ? (महिला, पुरुष, बालबालिका, सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायत नेपाल सरकारले लक्षित समूह भनी तोकेका अन्य वर्ग एवम् समुदायका महिला र पुरुष) | ०–१ | ०.५ |
| ख | के कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरूसँग बसेर समस्या केलाउने (विश्लेषण गर्ने गरिन्छ ? विपन्नता स्तरीकरण भएको छ ? (दुवै भए (१) र एक मात्र भएमा (०.५) अंक दिने । | ०–१ | १ |
| ग | के नगरपालिकाको योजना लक्षितसमूहहरूले तयार गरेको कार्यक्रममा आधारित हुन्छ ? | ०–१ | ०.५ |
| घ | के **नगरपालिकाको** योजनामा लक्षित समूहहरूको लागि छुट्टयाएको न्यूनतम बजेट ( १० प्रतिशत महिला, १० प्रतिशत बालबालिका, १५ प्रतिशत सामाजिक बञ्चितिकरणमा परेको वर्ग विनियोजन गरी उनीहरूको हितको लागि कार्यक्रम तर्जुमा गरी समयैमा बजेट खर्च गरिएको छ ? | ०–१ | १ |
| **३.२** | **महिला उत्थानका लागि कार्यक्रमहरु** | **४** | **३** |
| क | महिलाहरूको स्वास्थ सुधार सम्बन्धी विशेष कार्यक्रमहरू संचालित भएका छन् ? (जस्तो : सुत्केरी हुँदाको अवस्था सुधार गर्न, किशोरीहरूको लागि प्रजनन र यौन शिक्षा आदानप्रदान गर्न, एचआईभी एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ्ग खस्ने अवस्था सुधार गर्न, स्वास्थ शिविरहरू राख्ने) | ०–१ | ०.५ |
| ख | महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू संचालित भएका छन् ? ( जस्तो: अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षाहरू, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा, आदि ) | ०–१ | ०.५ |
| ग | महिलाहरूको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू संचालित भएका छन् ? ( जस्तो: कानूनी हक अधिकार, एकल महिला, पारालिगल समिति गठन र चेलिबेटी बेचबिखन विरुद्ध कार्यक्रममा छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदि वारे अनुशिक्षण गर्न) | ०–१ | १ |

| | | | |
|---|---|---|---|
| घ | महिलाहरूको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू संचालिनबाट लाभान्वित भएको छन् ? (जस्तो: कानूनी हक अधिकार, एकल महिला, पारालिगल समिति गठन र चेलिबेटी बेचविखन विरुद्ध कार्यक्रममा छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदि बारे अनुशिक्षण गर्न) | ०–१ | १ |
| ३.३ | **स्थानीय स्वायत्त शासन ऐनमा भएका प्रावधान अनुसारका कार्यक्रमहरू** | ४ | २ |
| क | **नगरपालिकाको** योजना तर्जुमा गर्दा लक्षित समुहहरूको सक्रिय सहभागितामा तय गर्ने गरेको छ ? | ०–१ | ०.५ |
| ख | नगरपालिकाको योजना तर्जुमा गर्दा महिलालाई प्रत्यक्ष लाभ हुने र महिलाको लागि स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू राख्ने गरिएको छ ? | ०–१ | ०.५ |
| ग | परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोपं, पोषण , जनसंख्या शिक्षा र जनस्वास्थ सम्बन्धी कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्ने गराउने गरिएको छ ? | ०–१ | ०.५ |
| घ | नगरपालिकाको योजना कार्यान्वयनबाट लक्षित समुहहरू लाभान्वित भएका छन ? | ०–१ | ०.५ |
| ४ | **लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन** | १२ | ७ |
| ४.१ | **योजना तर्जुमामा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | ४ | २ |
| क | के **नगरपालिकाले** आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्याङ्क संकलन गर्ने गरेको छ ? के स्थानीय निकायले खण्डीकृत तथ्यांङ्को समय समयमा अध्यावधिक गर्ने गरेको छ ? | ०–१ | ०.५ |
| ख | के योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरू को छुट्टा छुट्टै अवस्था विश्लेषण र अवश्यकता पहिचान गर्ने गरिएको छ ? र सो अनुसारको कार्यक्रम तय गर्ने गरिएको छ ? | ०–१ | ०.५ |
| ग | के **नगरपालिकाले** योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायीं तथा सामाजिक समावेशी बजेट तर्जुमा प्रक्रिया अबलम्बन गरी कार्ययोजना तयार पार्ने गरिन्छ ? | ०–१ | ०.५ |
| घ | के गत वर्षको वार्षिक योजना अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास कार्य योजनाका सबै कृयाकलापहरू सम्पन्न भए ? | ०–१ | ०.५ |
| ४.२ | **योजना कार्यान्वयनमा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | ४ | ३ |
| क | के कार्यक्रम तथा परियोजना कार्यान्वयन गर्दा सम्वन्धित समुदायका महिला तथा पुरुष वर्गहरूको सक्रिय सहभागितमा गर्ने गरिएको छ ? | ०–१ | ०.५ |
| ख | के कार्यक्रम तथा परियोजना कार्यान्वयन बाट सम्वन्धित समुदायले पूरा लाभ लिन सकेको छ ? | ०–१ | १ |
| ग | उपभोक्ता समितिलेगर्ने कार्यहरूमा महिला तथा लक्षित समुहको सहभागिता छ ? साथै उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एकजना महिला पदाधिकारी रहेको छ ? लाभान्वित समूहमा दलित, आदिवासी/जनजाति, पिछडिएका समुदाय तथा वर्ग, मधेशी, मुस्लिम आदिको उपस्थिति रहेको अवस्थामा तिनीहरूको समेत प्रतिनिधित्व रहेको छ ? | ०–१ | १ |
| घ | के **नगरपालिकाले** आफ्नो सम्पूर्ण कार्यक्रमसँग लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण गरी कार्यक्रम कार्यान्वयन गर्ने गरेको छ ? | ०–१ | ०.५ |
| ४.३ | **अनुगमन र मूल्याङ्कन** | ४ | २ |

| | | | |
|---|---|---|---|
| क | के **नगरपालिकाको** सुपरिवेक्षण तथा अनुगमन समितिमा महिलाको सहभागिता के कम्तीमा ३३ प्रतिशत छ ? | ०–१ | १ |
| ख | के **नगरपालिकामा** अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका कार्यक्रमको संचालनबाट महिला र पुरुष तथा विभिन्न जातजातिलाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? | ०–१ | ०.५ |
| ग | के **नगरपालिकामा** लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धति छ ? | ०–१ | ० |
| घ | के अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरू कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ? | ०–१ | ०.५ |
| **५** | **आन्तरिक संरचना** | **१२** | **५** |
| **५.१** | **नगरपालिकामा महिला तथा लक्षित समुहको सहभागिता** | **४** | **०** |
| क | आदिवासी जनजाति विकासको लागि गठन भएको समितिमा निर्देशिका वमोजिम महिला सहभागिता छ ? | ०–१ | ० |
| ख | दलित वर्ग उत्थानका लागि गठन भएको समितिमा निर्देशिका वमोजिम महिला सहभागिता छ ? | ०–१ | ० |
| ग | आदिवासी जनजाति र दलित वर्ग उत्थानका विकासको लागि गठन भएको समितिको पदाधिकारीहरू, लक्षित समुहहरूको कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन कार्यमा सक्रिय भूमिका रहेको छ ? | ०–१ | ० |
| घ | के **नगरपालिकामा** महिला समन्वय समिति गठन भई **नगरपालिकामा** महिलाहरूको विकासको लागि तय गरेको कार्यक्रम र बजेटको उपयोगिताको बारेमा अनुगमन गर्ने कार्यमा सक्रिय भूमिका रहेको छ ? | ०–१ | ० |
| **५.२** | **वित्त तथा लेखा व्यवस्थापन** | **४** | **१.५** |
| क | महिला विकासको लागि छुट्टै कोष स्थापना गरिएको छ ? | ०–१ | ० |
| ख | आदिवासी जनजाति, दलित अन्य लक्षित समुहका महिलाहरूको विकासको लागि बजेटको व्यवस्था भएको छ ? उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ? | ०–१ | ०.५ |
| ग | लैङ्गिक डेस्कको विकासको लागि बजेटको व्यवस्था भएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ? | ०–१ | ० |
| घ | कम्प्युटरकृत लेखा प्रणाली व्यवस्थापन गरिएको छ ? | ०–१ | १ |
| **५.३** | **नगरपालिकामा गठित समिति** | **४** | **२** |
| क | के **नगरपालिका** अन्तर्गत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरी सक्रिय रुपमा संचालनमा छ ? | ०–१ | ०.५ |
| ख | नगरपालिका स्रोत अनुमान समिति एकीकृत योजना तर्जुमा समिति, वडा नागरिक मञ्चहरूमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता छ ? | ०–१ | ०.५ |
| ग | महिला समन्वय समिति, आदिवासी जनजाति नगर समन्वय समिति, दलित वर्ग उत्थान नगर समन्वय समिति, बाल क्लब पिछडा वर्ग नगर समन्वय समितिको गठन गरी नगरको योजना प्रक्रियामा यस्ता समितिको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ ? | ०–१ | ०.५ |

| | | | |
|---|---|---|---|
| घ | नगरपालिकाको कार्यक्रम कार्यान्वयन तथा अनुगमन प्रक्रियामा यी समितिहरूबाट सहभागिता हुनसक्ने गरी सुनिश्चित गरिएको छ ? | ०–१ | ०.५ |
| **६** | **सुशासन** | **१२** | **९** |
| **६.१** | **पारदर्शिता/ जवाफदेहिता** | **४** | **३** |
| क | के नगरपालिकाले नियमित रुपमा कार्यक्रमको सार्वजनिक सुनुवाई गर्ने गर्दछ ? | ०–१ | १ |
| ख | के महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठनागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सार्वजनिक हुने गरेको छ ? | ०–१ | १ |
| ग | के नगरपालिकाको समिक्षा बैठकमा महिला, बालबालिका सबै जातजातिका विपन्न वर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठ नागरिक लगायतलाई लक्षित गरेर कार्यक्रम माथि छलफल गर्ने गरेको छ ? | ०–१ | ०.५ |
| घ | के नगरपालिकाले महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग, आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठ नागरिक लगायतलाई सेवा सुविधाहरू छिटो छरितो ढंगबाट दिने गरेको छ ? | ०–१ | ०.५ |
| **६.२** | **सुचना व्यवस्थापन** | **४** | **३** |
| क | के नगरपालिकाले सूचना तथा अभिलेख केन्द्रमा रहेको खण्डीकृत तथ्याङ्क र सूचनालाई आधार मानि नगर विकास योजना तर्जुमा गर्ने गरेको छ ? | ०–१ | ०.५ |
| ख | के नगरपालिकाको सूचना तथा अभिलेख केन्द्रको विकासको लागि बजेटको व्यवस्था गरेको छ ? | ०–१ | १ |
| ग | के नगरपालिकाले आआफ्ना क्षेत्रका पन्जीकरणको तथ्याङ्क अध्यावधिक गर्ने गरेका छन् ? | ०–१ | १ |
| घ | के नगरपालिकामा खण्डीकृत तथ्याँकलाई कम्प्यूटरकृत गरिएको छ ? | ०–१ | ०.५ |
| **६.३** | **सुचना शिक्षा र संचार** | **४** | **३** |
| क | के नगरपालिकाले रेडियो, एफ.एम. र छापा माध्यमद्वारा सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको छ ? | ०–१ | १ |
| ख | के नगर स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायत अन्य लक्षित समुहहरूको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा वृद्धि भएको छ ? | ०–१ | ०.५ |
| ग | के नगर स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठ नागरिक लगायत अन्य लक्षित समुहहरूको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा अभिवृद्धि भई यी वर्गहरूको जिल्लाको विकास कार्यहरूमा सहभागिता वृद्धि भएको छ ? | ०–१ | १ |
| घ | के स्थानीय निकायले स्थानीय पत्रकारहरुद्वारा स्थानीय स्तरमा सूचना प्रवाह गर्दछ? | ०–१ | ०.५ |
| **७** | **मानव संशाधन, सम्वन्ध विस्तार** | **१२** | **४** |

| | | | |
|---|---|---|---|
| **७.१** | **मानव संसाधन व्यवस्थापन** | **४** | **२.५** |
| क | नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन् ? | ०–१ | ०.५ |
| ख | नगरपालिकामामा मानव संसाधन विकास केन्द्र र इकाइ छ ? | ०–१ | १ |
| ग | नगरपालिकाले बैदेशिक रोजगारीमा जाने महिलाहरूको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्यवन गर्ने गरेका छन ? | ०–१ | ०.५ |
| घ | श्रोत व्यक्ति (महिला, पुरुष) हरूको सुचीकृत अभिलेख छ ? | ०–१ | ०.५ |
| **७.२** | **सम्बन्ध विस्तार** | **४** | **.५** |
| क | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत संयन्त्र (संजाल) वनेको छ ? | ०–१ | ० |
| ख | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत छलफल गरी यस क्षेत्रको विकासको लागि नियमित रुपमा कार्य हुने गरेको छ ? | ०–१ | ० |
| ग | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत संयन्त्र (संजाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिमहरू प्रदान गर्ने गरेको छ ? | ०–१ | ० |
| घ | नगरपालिकाका कर्मचारीहरूले आन्तरिक र वाह्य श्रोत व्यक्तिहरूसँग मिलेर लैङ्गिक तथा सामाजिक प्रभाव संम्बन्धी अध्ययन गर्ने गरेका छन् ? | ०–१ | ०.५ |
| **७.३** | **व्यावहारिक र रणनीतिक आवश्यकता परिपूर्ति** | **४** | **१** |
| क | योजना तर्जुमा गर्दा महिलाहरूको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भएको छ ? | ०–१ | ०.५ |
| ख | ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) तयार गर्ने गरेको छ ? | ०–१ | ०.५ |
| ग | लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण लागि जिल्लाका अल्पकालीन (वार्षिक) र दीर्घकालीन (वहुवार्षिक) योजना तयार गरिएको छ ? | ०–१ | ० |
| घ | महिलाहरूको लागि लोक सेवा आयोग पूर्व तयारी कक्षाका लागि तालिमको व्यवस्था गरेको छ ? | ०–१ | ० |
| **८** | **नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | **१२** | **४.५** |
| **८.१** | **नेपाल सरकारका लैङ्गिक विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन** | **४** | **१.५** |
| क | सहस्राब्दी विकासका लक्ष्यहरू प्राप्त गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरेको छ ? | ०–१ | ०.५ |
| ख | सहस्राब्दी विकासका लक्ष्यहरू प्राप्त गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रमहरू समयमै सम्पन्न गरेको छ ? | ०–१ | ०.५ |
| ग | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका बारेमा नगरका पदाधिकारीहरू वा कर्मचारीहरूलाई जानकारी छ ? सोको लागि अभिमुखीकरण गरिएको छ ? | ०–१ | ०.५ |

| | | | |
|---|---|---|---|
| घ | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका बाह्रवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गने गरेको छ ? | ०–१ | ० |
| **८.२** | **महिला विरुद्ध हुने सबै खाले हिंसा निर्मूल पार्ने** | **४** | **१** |
| क | महिला विरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयैमा सम्पन्न गरेको छ ? | ०–१ | ०.५ |
| ख | लैङ्गिक हिंसा रहित नगर घोषणा गरेको छ ? | ०–१ | ० |
| ग | १६ दिने महिला विरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू नगरले संचालन गर्ने गरेको छ ? हरेक वर्ष अति उत्कृष्ट कार्य गर्ने महिलाहरूलाई सम्मान गर्ने कार्यक्रम मनाउने गरिएको छ ? | ०–१ | ० |
| घ | महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अपनाएको छ ? | ०–१ | ०.५ |
| **८.३** | **नेपाल सरकारका सामाजिक समावेशीका विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन** | **४** | **२** |
| क | संयुक्त राष्ट्रसङ्घीय बाल अधिकारी महासन्धी १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयन गर्न कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यक्रमहरू समयमै सम्पन्न गरेको छ ? | ०–१ | ०.५ |
| ख | के नगरपालिकाबाट समाजमा रहेको विभिन्न जातीगत छुवाछुत सम्वन्धी सामाजिक कुरीती हटाउन कार्यक्रमहरू संचालन गर्ने गरको छ ? | ०–१ | ०.५ |
| ग | के नगरपालिकाबाट आदिबासी जनजातीहरूको विकासको लागि कार्यक्रमहरू यी वर्गहरूको सहभागितामा संचालन गर्ने गरको छ ? | ०–१ | ०.५ |
| घ | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा नगरपालिकाको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गरेको छ ? | ०–१ | ०.५ |

नोट : ० = शुन्य, ०.५ = ठिक्कै, १ = राम्रो

## २.२ सुचक तथा उप सुचकको आधारमा प्राप्ताङ्क

जम्मा ८ वटा सुचकको ३/३ वटा उपसुचकका आधारमा मुल्याङ्कन गर्दा कुल ९६ अंकमा ४९.५ अंक प्राप्त गरेको थियो । ती सुचक अनुसार प्राप्त गरेको अंकलाई तालिका २ मा प्रस्तुत गरिएको छ ।

तालिका २ : सुचक तथा उप–सुचकहरूको आधारमा प्राप्ताङ्क


| क.सं. | सुचक तथा उप–सुचकहरु | प्राप्ताङ्क | कुल अंक |
|---|---|---|---|
| १ | स्थानीय निकायको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास | ५.५ | १२ |
| २ | स्थानीय निकायको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण | ६.५ | १२ |

| क्र.सं. | सुचक तथा उप–सुचकहरु | प्राप्ताङ्क | कुल अंक |
|---|---|---|---|
| ३ | लक्षित कार्यक्रम | ८ | १२ |
| ४ | लैङ्गिक तथा सामाजिक समावेशी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन | ७ | १२ |
| ५ | आन्तरिक संरचना | ५ | १२ |
| ६ | सुशासन | ९ | १२ |
| ७ | मानव संसाधन र सम्वन्ध विस्तार | ४ | १२ |
| ८ | नेपाल सरकारका लैङ्गिक तथा सामाजिक विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन | ४.५ | १२ |
| | जम्मा | ४९.५ | ९६ |

## २.३ माकुरी जालोको चित्रद्धारा प्रस्तुति

क्षेत्रगत सुचकहरुको आधारमा भन्नुपर्दा सबैभन्दा उच्च अंक (९) सुशासनमा प्राप्त गरेको छ। सबैभन्दा कम अंक (४) मानव संसाधन र सम्वन्ध विस्तारमा प्राप्त गरेको छ। यस नगरपालिकाले प्राप्त गरेको अंकको आधारमा भन्नुपर्दा प्राप्त गरेको अंक सन्तोषजनक मान्न सकिन्छ। मुल्याङ्कनको नतिजालाई माकुरी जालोमा प्रस्तुत गर्दा तलको चित्र प्राप्त भएको छ।

**माकुरी जालोको चित्र**



## २.४ सवल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु

नगरपालिकाका सबै वडाका सामाजिक परिचालक,संस्थाका प्रतिनिधिहरु ,वडा नागरिक मंच तथा नागरिक सचेतना केन्द्रका प्रतिनिधिहरु र नगरपालिकाका प्रतिनिधिहरुसमेतको उपस्थितिमा लैससास परिक्षण कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । पूर्णाङ्क अंक प्राप्तलाई सवल पक्ष र त्यसभन्दा कम प्राप्ताङ्कलाई सुधार गर्नुपर्ने पक्षमा राखिएको थियो । यस सम्बन्धी विस्तृत विवरण तालिका ३ मा प्रस्तुत गरिएको छ ।

तालिका ३ : सवल पक्ष र सुधार गर्नु पर्ने पक्षहरू

| क्र.सं. | सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|
| १ | **नगरपालिकाको नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशी बिकास(आवधिक र वार्षिक योजनामा)** | |
| १.१ | **नगरपालिकाको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास ( आवधिक र वार्षिक योजनामा)** | |
| क | नगरपालिकाको नीतिमा महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्बन्धी परिकल्पना भएको | महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्बंन्धी स्पष्ट दीर्घकालीन सोंच वा परिकल्पना तयार पार्नु पर्ने र त्यसले पारेको प्रभाव सुचकंको आधारमा समीक्षा गर्नुपर्ने |
| ख | मेचीनगर नगरपालिकाले लैङ्गिक तथा सामाजिक विकास सम्बन्धी कार्यक्रम र बजेटको व्यवस्था गर्न प्रयास गरेका देखिन्छ । | स्पष्ट रुपले लैङ्गिक तथा सामाजिक विकास सम्बन्धी कार्यक्रम तय गर्नुपर्ने हो त्यो कार्यमा मुख्य ध्यान केन्द्रित नभएकोले यसतर्फ ठोस कार्यक्रम संचालन गर्नुपर्ने । |
| ग | महिला र पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि सामान्य पहल गरेको | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि नगरपालिकाको निश्चित कार्यनीति नभएकोले सर्वप्रथम ठोस कार्यनीति बनाउने। |
| घ | | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित रणनीति तयार पार्नुपर्ने |
| १.२ | **महिला पुरुष समविकास ( कर्मचारी ⁄ पदाधिकारी)** | |
| क | नगरपालिकाका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, वर्ग लिङ्ग र समुदायका बिच समावेशीकरण हुने गरी कर्मचारीहरूको प्रतिनिधित्व हुन सक्ने कुरामा छलफल गरिने गरिएको । | तर निश्चत रणनीति नबनाईको र रणनीति अनुरुपको पदपूर्ति गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने । |
| ख | | नगरपालिकामा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था गरी लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन |

| क्र.सं. | सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|
| | | नभएको, डेक्स तथा समितिलाई प्रभावकारी बनाउनु आवश्यक कार्यक्रम तथा कार्ययोजना बनाउनुपर्ने । |
| ग | | नगरपालिकाको निर्णायक तहमा ( कर्मचारी/पदाधिकारी) महिलाहरूको समान ( ५० र ५०) प्रतितिनिधित्व गराउनुपर्ने । |
| घ | | महिला तथा पुरुष कर्मचारीहरूको संख्यामा समानता नभएकोले सो कार्यका लागि आवश्यक व्यवस्थापन गर्ने ( **नगरपालिकाले** नियुक्ति गर्नेको हकमा मात्र लागु हुने) |
| **१.३** | **लैङ्गिक तथा समावेशी संवेदनशील कार्य प्रणाली** | |
| क | महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यानमा राखे पनि ठोस कार्य नगरिएको । | स्तनपान गराउने स्थानको व्यवस्थापन गर्नुपर्ने । |
| ख | महिला र पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था भएको । | तस्वीरसहित महिला र पुरुष शौचालय भनि लेखिनुपर्ने र बालबालिकालाई समेत ध्यान दिइ प्यान राख्नुपर्ने । |
| ग | | कार्यालयमा हुन सक्ने महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गर्नुपर्ने |
| घ | महिला माथी हिंसा भएमा तत्काल सुनुवाइको व्यवस्था भएको | |
| **२.** | **नगरपालिकाको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूल प्रवाहीकरण** | |
| **२.१** | **लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास बजेट** | |
| क | **नगरपालिकाका** केही मात्र कर्मचारीहरूले लैङ्गिक तथा समावेशी विकास सम्बन्धी तालिम लिएको | |
| ख | | तालिममा सबै पदाधिकारी/कर्मचारी देखि वडा सचिव र सामाजिक परिचालकहरू सम्मलाई तालिम दिन आबश्यक पर्ने रकम विनियोजन गरिनुपर्ने । |
| ग | | तालिममा महिला र पुरुषको समान सहभागिताको सुनिश्चितता नभएकोले आवश्यक कार्य गर्ने । |
| घ | तालिमका विषय वस्तुको प्रस्तुतीकरणमा लैङ्गिक सम्वेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ । | |
| **२.२** | **क्षमता विकास कार्यक्रममा महिला पुरुष सहभागिता** | |
| क | उपभोक्ता समितिमा ३३ प्रतिशत महिलाहरूको सहभागिता हुने सुनिश्चित हुने गरेको | अर्थपूर्ण सहभागितामा जोड दिनुपर्ने |

| क्र.सं. | सवल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|
| ख | उपभोक्ता समितिका पदाधिकारीहरूलाई तालिमको आयोजना हुने गरेको । | महिला तथा लक्षित समुहका कार्यक्रमका पदाधिकारीलाई तालिमको विशेष व्यवस्था हुनुपर्ने । |
| ग | | क्षमता विकास कार्यक्रम र बजेटको बाँडफाँड तथा प्राथमिकीकरण र स्थान छनौट लागि छलफल गर्ने प्रकृयामां महिला र पुरुष सरोकारवालाहरूलाई वडा स्तरसम्म समान रुपमा सहभागी नगराइएको |
| घ | | कर्मचारीको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरू (प्राबिधिक तालिमहरू, क्षमता विकास तालिम, भ्रमण) को लागि बजेट विनियोजन गर्नुपर्ने |
| **२.३** | **नगरपालिकाको क्षमता विकास कार्ययोजना** | |
| क | नगरपालिकाको क्षमता विकास कार्ययोजना तयार भएको । | नगरपालिकाको क्षमता विकास कार्ययोजना तयार भएको भएपनि अद्यावधि गर्नुपर्ने । |
| ख | | क्षमता विकास योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको पदाधिकारी, महिला समन्वय समिति एवं लैङ्गिकतथा समावेशी सम्पर्क व्यक्तिहरूको क्षमता विकासको व्यवस्थागर्नुपर्ने |
| ग | | क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परिक्षण नियमित रुपमा गर्न बजेटको व्यवस्थागर्नुपर्ने |
| घ | | लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजनाका लागि पर्याप्त बजेटको व्यवस्था गर्नुपर्ने |
| **३** | **लक्षित कार्यक्रम** | |
| **३.१कार्यक्रम तर्जुमा गर्दा लक्षित समूहको सहभागिता** | | |
| क | केही मात्रमा गरे पनि अपूर्ण भएको । | आफ्नो क्षेत्रका समुदायस्तरका महिला, पुरुष, बालबालिका, सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायत नेपाल सरकारले लक्षित समूह भनी तोकेका अन्य वर्ग एवम् समुदायका महिला र पुरुषको आधारभूत सूचना/तथ्याङ्क संकलन संस्थागत रुपमा गर्ने नगरेको |
| ख | कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरूसँग बसेर समस्या केलाउने गरेको | विश्लेषण गर्ने नगरिएको , विपन्नता स्तरीकरण सबै वडाको नभएको । |

| क्र.सं. | सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
| --- | --- | --- |
| ग | | नगरपालिकाको समग्र योजना लक्षित समूहहरूले तयार गरेको कार्यक्रममा आधारित हुने नगरेकाले सो कार्यलाई ध्यान दिनुपर्ने देखिन्छ । |
| घ | नगरपालिकाको योजनामा लक्षित समूहहरूको लागि छुट्टयाएको न्यूनतम बजेट ( १० प्रतिशत महिला, १० प्रतिशत बालबालिका, १५ प्रतिशत सामाजिक बञ्चितिकरणमा परेको वर्ग विनियोजन गरी उनीहरूको हितको लागि कार्यक्रम तर्जुमा गरी समयैमा बजेट खर्च गरिएको | |
| **३.२** | **महिला उत्थानका लागि कार्यक्रमहरु** | |
| क | महिलाहरूको स्वास्थ सुधार सम्बन्धी विशेष कार्यक्रमहरू जस्तो : सुत्केरी हुँदाको अवस्था सुधार गर्न, किशोरीहरूको लागि प्रजनन र यौन शिक्षा आदानप्रदान गर्न, एचआईभी एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ्ग खस्ने अवस्था सुधार गर्न, स्वास्थ शिविरहरू राख्न गरिएको | शिविर भएपनि वडा तहमा नभएकोले आगामी दिनमा वडास्तरमा शिविर राख्न व्यवस्था मिलाउनुपर्ने । |
| ख | | महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू जस्तो: अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षाहरू, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा, आदि सञ्चालन गर्नुपर्ने । |
| ग | महिलाहरूको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू जस्तो: कानूनी हक अधिकार, एकल महिला, पारालिगल समिति गठन र चेलिबेटी बेचविखन विरुद्ध कार्यक्रममा छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदि वारे अनुशिक्षण गर्ने गरिएको | नगरपालिकाका वडा तहमा महिलाहरूको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू वारे अनुशिक्षण कम हुने गरेको महिलासंग लिएको अर्न्तवार्तामा पाइएकोले सोका लागि आवश्यक व्यवस्था मिलाउनुपर्ने । |
| घ | महिलाहरूको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू जस्तो: कानूनी हक अधिकार, एकल महिला, पारालिगल समिति गठन र चेलिबेटी बेचविखन विरुद्ध कार्यक्रममा छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदि वारे अनुशिक्षण गर्ने गरिएको | वडा तहमा महिलाहरूको लागि कानूनी शिक्षा सम्वन्धी कार्यक्रमहरू वारे अनुशिक्षण कम हुने गरेको महिलासंग लिएको अर्न्तवार्तामा पाइएकोले सोका लागि आवश्यक व्यवस्था मिलाउनुपर्ने । |
| **३.३** | **स्थानीय स्वायत्त शासन ऐनमा भएका प्रावधान अनुसारका कार्यक्रमहरू** | |
| क | नगरपालिकाको योजना तर्जुमा गर्दा लक्षित समुहहरूको सहभागितामा तय गर्ने गरेको हुने । | सहभागिता कम हुने र सक्रिय नहुने गरेकाले सचेतिकरणका कार्यक्रम राखिनुपर्ने |
| ख | नगरपालिकाको योजना तर्जुमा गर्दा महिलालाई प्रत्यक्ष लाभ हुने र महिलाको लागि स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरूमा ध्यान दिइएको पाइएको छ । | यद्यपी यसमा ग्रमीण महिलाको सहभागिता बढाउनुपर्ने देखिन्छ । |
| ग | | परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण ,, जनसंख्या शिक्षा र जनस्वास्थ सम्बन्धी कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्ने गराउने तर्फ पहल |

| क्र.सं. | सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|
| घ | नगरपालिकाको योजना कार्यान्वयनबाट लक्षित समुहहरू लाभान्वित भएको | |
| **४** | **लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन** | |
| **४.१** | **योजना तर्जुमामा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | |
| क | | नगरपालिकाले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्याङ्क संकलन गर्नुपर्ने र समय समयमा खण्डीकृत तथ्यांङ्को अध्यावधिक गर्नुपर्ने |
| ख | समुहकृत छलफल वडातहमा नभएपनि नगर तहमा हुने गरेको । | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरू को छुट्टा छुट्टै अवस्था विश्लेषण र अवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय नभएकोले सो कार्य गर्नुपर्ने । |
| ग | | नगरपालिकाले योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा प्रक्रिया अबलम्बन गरी कार्ययोजना तयार पार्ने नगरिएकाले सो कार्ययोजना तयार गर्नुपर्ने । |
| घ | | वार्षिक योजना अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास कार्य योजनाका सवै कृयाकलापहरू सम्पन्न गर्नुपर्ने |
| **४.२** | **योजना कार्यान्वयनमा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | |
| क | कार्यक्रम तथा परियोजना कार्यान्वयन गर्दा सम्वन्धित समुदायका महिला तथा पुरुष वर्गहरूकों सक्रिय सहभागितमा गर्ने गरिएको | |
| ख | कार्यक्रम तथा परियोजना कार्यान्वयनबाट सम्वन्धित समुदायले आंशिक लाभ लिएको । | कार्यक्रम तथा परियोजना कार्यान्वयन बाट सम्वन्धित समुदायले पूरा लाभ लिन सक्ने गरी कार्यक्रममा जनताको अपनत्व सिर्जना गर्न सहयोग गर्ने र त्यसको प्रभाव विश्लेषण गर्ने |
| ग | उपभोक्ता समितिलेगर्ने कार्यहरूमा महिला तथा लक्षित समुहको सहभागिता हुने गरेको, साथै उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एकजना महिला पदाधिकारी रहने गरेको र लाभान्वित समूहमा दलित, आदिवासी/जनजाति, पिछडिएका समुदाय तथा वर्ग, मधेशी, मुस्लिम आदिको उपस्थिति रहेको अवस्थामा तिनीहरूको समेत प्रतिनिधित्व रहेको | |
| घ | | नगरपालिकाले आफ्नो सम्पूर्ण कार्यक्रममा लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण गरी कार्यक्रम कार्यान्वयन गर्ने कार्यमा थप ध्यान दिन जरुरी छ । |
| **४.३** | **अनुगमन र मूल्याङ्कन** | |

| क्र.सं. | सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|
| क | नगरपालिकाको सुपरिवेक्षण तथा अनुगमन समितिमा महिलाको सहभागिता कम्तीमा ३३ प्रतिशत सुनिश्चित भएको । | |
| ख | | नगरपालिकामा अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका कार्यक्रमको संचालनबाट महिला र पुरुष तथा विभिन्न जातजातिलाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्नुपर्ने |
| ग | | नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धतिको निर्माण गरिनुपर्ने । |
| घ | अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरू कार्यक्रम वा योजना तयार गर्दा सामान्यतय समावेश गर्ने गरिएको | अनुगमनबाट आएका सुझाब तथा सिकाईलाई हुबाहु लागु गरी योजना तर्जुमा गर्ने परिपाठीको विकास गरिनुपर्ने । |
| **५** | **आन्तरिक संरचना** | |
| **५.१** | **नगरपालिकामा महिला तथा लक्षित समुहको संहभागिता** | |
| क | | आदिवासी जनजाति विकासको लागि गठन नभएको |
| ख | | दलित वर्ग उत्थानका लागि गठन नभएको |
| ग | समिति गठन नभएकोले अन्य निकायबाट समावेश गर्ने गरेको | आदिवासी जनजाति र दलित वर्ग उत्थानका विकासको लागि गठन नभएकाले लक्षित समुहहरूको कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन कार्यमा समावेश नगराए। |
| घ | | समिति गठन नभएको तर नगरमा महिलाहरूको विकासको लागि तय गरेको कार्यक्रम र बजेटको उपयोगिताको बारेमा अनुगमन गर्ने कार्यमा महिलाहरु सक्रिय भूमिका गराउनु पर्ने |
| **५.२** | **वित्त तथा लेखा व्यवस्थापन** | |
| क | | महिला विकासको लागि छुट्टै कोष स्थापना नगरिएको र सोही अनुरुप खर्च नगरिएको । |
| ख | आदिवासी जनजाति, दलित अन्य लक्षित समुहका महिलाहरूको विकासको लागि बजेटको व्यवस्था भएको र उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको | |
| ग | | लैङ्गिक डेस्कको स्थापना नगरिएको । |
| घ | कम्प्युटरकृत लेखा प्रणाली व्यवस्थापन गरिएको | |
| **५.३** | **नगरपालिकामा गठित समिति** | |

| क्र.सं. | सवल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|
| च | | नगरपालिका अन्तर्गत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन नभएको। |
| छ | नगर स्रोत अनुमान समिति एकीकृत योजना तर्जुमा समिति, वडा नागरिक मञ्चहरूमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता छ । | |
| ग | नगरको योजना प्रक्रियामा बाल क्लबको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ । | महिला समन्वय समिति, आदिवासी जनजाति नगर समन्वय समिति, दलित वर्ग उत्थान नगर समन्वय समिति, पिछडा वर्ग नगर समन्वय समितिको गठन गरी नगरको योजना प्रक्रियामा यस्ता समितिको सक्रिय सहभागिता सुनिश्चित नगरिएको छ |
| घ | | नगरको कार्यक्रम कार्यान्वयन तथा अनुगमन प्रक्रियामा यी समितिहरूबाट सहभागितामा मात्र अनुगमन कार्यलाई अगाडि बढाउने परिपाठीको विकास नभएको। |
| **६** | **सुशासन** | |
| **६.१** | **पारदर्शिता/ जवाफदेहिता** | |
| क | नगरपालिकाले नियमित रुपमा कार्यक्रमको सार्वजनिक सुनुवाई गर्ने गरेको । | |
| ख | महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठनागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सार्वजनिक हुने गरेको । | यस्ता वर्गको उपस्थिति कम हुने गरेको । |
| ग | नगरपालिकाको समिक्षा बठैकमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठ नागरिक लगायतलाई लक्षित गरेर कार्यक्रम माथि छलफल गर्ने गरेको | यस्ता वर्गको उपस्थिति कम हुने गरेको । |
| घ | नगरपालिकाले महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग, आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठ नागरिक लगायतलाई सेवा सुविधाहरू छिटो छरितो ढंगबाट दिने गरेको | भौतिकरुपमा नगरपालिका अपांगमैत्री नभएकोले अपाङ्गता भएको व्यक्तिहरूलाई सेवा लिन कठीनाई भएको । |
| **६.२** | **सुचना व्यवस्थापन** | |
| क | नगरपालिकाले सूचना तथा अभिलेख केन्द्रका लागि कर्मचारी तोकेको छ । | सूचना तथा अभिलेखमा रहेको खण्डीकृत तथ्याङ्क र सूचनालाई अद्यावधि गरी त्यसका आधार नगर विकास योजना तर्जुमा गर्नुपर्ने । |
| ख | | नगरपालिकाको सूचना तथा अभिलेख केन्द्रको विकासको लागि बजेटको व्यवस्था गरेको छ |

| क्र.सं. | सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|
| ग | नगरपालिकाले आआफ्ना क्षेत्रका पंन्जीकरणको तथ्याङ्क अध्यावधिक गर्ने गरेको | |
| घ | | नगरपालिकामा खण्डीकृत तथ्याँकलाई कम्प्यूटरकृत गर्नुपर्ने |
| **६.३** | **सुचना शिक्षा र संचार** | |
| क | नगरपालिकाले रेडियो, एफ.एम. र छापा माध्यमद्वारा सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको | |
| ख | नगर स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न वर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायत अन्य लक्षित समुहहरूको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा वृद्धि भएको | |
| ग | नगर स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न वर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठ नागरिक लगायत अन्य लक्षित समुहहरूको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा अभिवृद्धि भई यी वर्गहरूको जिल्लाको विकास कार्यहरूमा सहभागिता वृद्धि भएको | |
| घ | सूचना प्रवाह गर्ने गरेको । | |
| **७** | **मानव संशाधन, सम्वन्ध विस्तार** | |
| **७.१** | **मानव संसाधन व्यवस्थापन** | |
| क | | नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन् । |
| ख | | नगरपालिकामा मानव संसाधन विकास केन्द्र र इकाइ नभएकोले राख्नु पर्ने । |
| ग | ि | बैदेशिक रोजगारीमा जाने महिलाहरूको क्षमता विकासको लागि कार्यक्रमहरू नगरिएको ।यस कार्यलाई पनि ठोस कार्ययोजना बनाई प्राथमिकतामा राखी सुरक्षित बैदेशिक रोजगारकालागि मानविय पुजी निमार्ण गर्नुपर्ने । |
| घ | | श्रोत व्यक्ति (महिला, पुरुष) हरूको सुचीकृत अभिलेख राख्नुपर्ने । |
| **७.२** | **सम्बन्ध विस्तार** | |
| क | | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत संयन्त्र (संजाल) बनाउन पर्ने |

| क्र.सं. | सवल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|
| ख | | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत छलफल गरी यस क्षेत्रको विकासको लागि नियमित रुपमा कार्य गर्नुपर्ने |
| ग | | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत संयन्त्र (संजाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिमहरू प्रदान गर्नुपर्ने |
| घ | नगरपालिकाका कर्मचारीहरूले आन्तरिक र वाह्य श्रोत व्यक्तिहरूसँग मिलेर लैङ्गिक तथा सामाजिक प्रभाव संम्बन्धी अध्ययन गर्ने गरेका छन । | |
| **७.३** | **व्यावहारिक र रणनीतिक आवश्यकता परिपूर्ति** | |
| क | | योजना तर्जुमा गर्दा महिलाहरूको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल गर्नुपर्ने । |
| ख | | ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्वन्धी प्राविधिक) तयार पार्नुपर्ने |
| ग | | लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण लागि नगरका अल्पकालीन (वार्षिक) र दीर्घकालीन (वहुवार्षिक) योजना तयार पार्नुपर्ने |
| घ | | महिलाहरूको लागि लोक सेवा आयोग पूर्व तयारी कक्षाका लागि तालिमको व्यवस्था नभएको । |
| **८** | **नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशीविकासका नीति र प्रतिवद्धता** | |
| **८.१** | **नेपाल सरकारका लैङ्गिक विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन** | |
| क | सहस्राब्दी विकासका लक्ष्यहरू प्राप्त गर्ने केही कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरेको | प्राथमिकता साथ कार्यक्रम तर्जुमा तथा विनियोजित रकम कम भएकाले बजेटसीमा बढाउनुपर्ने । |
| ख | सहस्राब्दी विकासका लक्ष्यहरू प्राप्त गर्ने केही कार्यक्रमहरू र सो अनुसारको कम बजेट विनियोजन हुने गरेको । | सहस्राब्दी विकासका लक्ष्यहरू प्राप्त गर्ने थप कार्यक्रमहरु तय गरिनुपर्ने तथा कार्यक्रम समयमै सम्पन्न गरिनुपर्ने । |
| ग | | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका बारेमा नगरपालिकाका पदाधिकारीहरू वा कर्मचारीहरूलाई जानकारी गराइएको सोको लागि अभिमुखीकरण गरिएको |
| घ | | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्नेमा सो कार्य नभएकाले सो कार्य |

| क्र.सं. | सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|---|
| | | अगाडि बढाउनु पर्ने । |
| **८.२** | **महिला विरुद्ध हुने सबै खाले हिंसा निर्मूल पार्ने** | |
| क | महिला विरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने केही कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरिएको । | ठोस कार्यक्रम नभएको र कार्यक्रम समयमा सम्पन्न नभएकाले सोकार्यमा ध्यान दिनु पर्ने । |
| ख | | लैङ्गिक हिंसा रहित वडा वा नगर घोषणाका लागि अग्रसर हुनुपर्ने |
| ग | | १६ दिने महिला विरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू नगरपालिकाले संचालन गर्नुपर्ने र हरेक वर्ष अति उत्कृष्ट कार्य गर्ने महिलाहरूलाई सम्मान गर्ने कार्यक्रम गर्नुपर्ने |
| घ | महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अपनाएको छ | |
| **८.३** | **नेपाल सरकारका सामाजिक समावेशीका विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन** | |
| क | संयुक्त राष्ट्रसङ्घीय बाल अधिकारी महासन्धी १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न केही कार्यक्रमहरूमा कम रकम विनियोजन गरी कार्यक्रमहरू समयमै सम्पन्न गरेको | कार्यक्रममा यथेष्ट बजेट विनियोजन गर्नुपर्ने । |
| ख | | नगरपालिकाबाट समाजमा रहेको विभिन्न जातीगत छुवाछुत सम्वन्धी सामाजिक कुरीती हटाउन कार्यक्रमहरू संचालन गरी कार्यक्रमलाई स्थानीयकरण गर्नुपर्ने । |
| ग | नगरपालिकाबाट आदिबासी जनजातीहरूको विकासको लागि कार्यक्रमहरू यी वर्गहरूको सहभागितामा संचालन गर्ने गरको छ । | |
| घ | | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा नगरपालिकाको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गर्नुपर्ने |

## लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परिक्षणबाट आएका प्रमुख प्राप्तिहरू

### (१) नगरपालिकाको नीति र योजनामा लैङ्गिक तथा सामाजिक समावेशी विकास

(१.१) नगरपालिकाको नीतिमा महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्बन्धी स्पष्ट दीर्घकालीन सोंच नभएको तर त्यसबारेमा परिकल्पना गरी कार्यक्रम गर्ने गरेको ।

(१.२) नगरपालिकाको निणार्यक तहमा महिलाहरुको सहभागिता समान नरहेको पाइएको छ ।

(१.३) महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिई बच्चालाई स्तनपान गराउने स्थान नभएको पाइयो । महिला हिंसा नियन्त्रणको लागि आचार संहिता नबनाएको पाइएको छ ।

(१.४) महिला माथी हिंसा भएमा तत्काल सुनुवाइको व्यवस्था भएको पाइयो ।

### (२) नगरपालिकाको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण

(२.१) कर्मचारीको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरू (प्राबिधिक तालिमहरू, क्षमता विकास तालिम, भ्रमण) को लागि बजेट विनियोजन गर्नुपर्नेमा सो कार्यमा कम चासो राखेको पाइयो ।

(२.२) क्षमता विकास कार्यक्रम र बजेटको बाँडफाँड तथा प्राथमिकरण र स्थान छनौटका लागि छलफल गर्ने प्रक्रियामा महिला र पुरुष सरोकारवालाहरुलाई समान रुपमा सहभागि गराउने नगरिएको पाइएको छ ।

(२.३) **नगरपालिकाको** क्षमता विकास अद्यावधि नगरेको पाइएको छ ।

(२.४) उपभोक्ता समितिमा ३३ प्रतिशत महिलाहरूको सहभागिता हुने गरेको छ ।

(२.५) लक्षित समुहका कार्यक्रमको उपभोक्ता समितिका महिला तथा लक्षित समुहका पदाधिकारीहरूलाई तालिमको व्यवस्था नगरेको पाइयो । तर अन्य कार्यक्रमको उपभोक्तालाई भने तालिमको आयोजना गरेको पाइयो ।

### (३) लक्षित कार्यक्रम

(३.१) कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला,बालबालिका,जनजाति,मधेशी,मुश्लिम,पिछडाबर्ग लगायतका सबै जातजाति र विपन्न वर्गका समुहहरुसंग बसेर समस्या केलाउने कार्य गर्ने गरिएको भएपनि सबै वडाको विपन्नता स्तरीकरण समेत नगरिएको पाइएको छ ।

(३.२) महिलाहरूको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने गरेको तर महिलाहरूको स्वास्थ सुधार सम्बन्धी विशेष कार्यक्रमहरू जस्तो : सुत्केरी हुँदाको अवस्था सुधार गर्न, किंशोरीहरूको लागि प्रजनन र यौन शिक्षा आदानप्रदान गर्न, एचआईभी एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ्ग खस्ने अवस्था सुधार गर्न स्वास्थ शिविरहरू प्रयाप्त मात्रामा नराखिएको पाइयो ।

(३.३) परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण , जनसंख्या शिक्षा र जनस्वास्थ सम्बन्धी कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्ने तर्फ कम ध्यान दिने गरेको पाइयो ।

(३.४) **नगरपालिकाको** योजनामा लक्षित समूहहरूको लागि छुट्याएको न्यूनतम बजेट ( १० प्रतिशत महिला, १० प्रतिशत बालबालिका, १५ प्रतिशत सामाजिक बञ्चितिकरणमा परेको वर्ग विनियोजन गरी उनीहरूको हितको लागि कार्यक्रम तर्जुमा गरी समयैमा बजेट खर्च गरिएको पाइयो ।

**(४) लैङ्गिक तथा सामाजिक समावेशी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन**

(४.१) समुदायस्तरका केही आधारभुत सूचना तथा तथ्यांक संकलन गर्ने नगरेको र योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरूको छुट्टा छुट्टै अवस्था विश्लेषण र आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय नगरेको पाइयो ।

(४.२) **नगरपालिकाले** कार्यक्रम तथा परियोजना कार्यान्वयनबाट सम्वन्धित समुदायले आंशिक लाभ लिन सकेको ।

(४.३) **नगरपालिकामा** अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका कार्यक्रमको संचालनबाट महिला र पुरुष तथा विभिन्न जातजातिलाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण नगरिएको पाइयो । साथै अनुगमन तथा मूल्यांकनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गदा कम समावेश गरेको पाइएको छ ।

(४.४) उपभोक्ता समितिलेगर्ने कार्यहरूमा महिला तथा लक्षित समुहको सहभागिता छ साथै उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एकजना महिला पदाधिकारी रहेको छ लाभान्वित समूहमा दलित, आदिवासी/जनजाति, पिछडिएका समुदाय तथा वर्ग, मधेशी, मुस्लिम आदिको उपस्थिति रहेको अवस्थामा तिनीहरूको समेत प्रतिनिधित्व रहेका पाइयो ।

**(५) आन्तरिक संरचना**

(५.१) लैङ्गिक डेस्कको स्थापना नगरिएको र त्यसको संचालनका लागि प्रयाप्त बजेट उपलब्ध नभएको पाइयो ।

(५.२) महिला विकासको लागि छुट्टै कोष स्थापना गरिएको पाइयो ।

(५.३) महिला समन्वय समिति, आदिवासी जनजाति समन्वय समिति, दलित वर्ग उत्थान समन्वय समिति, बाल क्लब पिछडा वर्ग समन्वय समितिको गठन भएको पाइएन ।

(५.४) नगर स्रोत अनुमान समिति, नगरको एकीकृत योजना तर्जुमा समिति, वडा नागरिक मञ्चहरूमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सहभागिता रहेको पाइयो ।

**(६) सुशासन**

(६.१) नगरपालिकाले सूचना तथा अभिलेख केन्द्रका लागि कर्मचारी तोकेको छ ।

(६.२) नगरपालिकाले सूचना तथा अभिलेख लाई व्यवस्थित गरी केन्द्रमा रहेको खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि नगर विकास योजना तर्जुमा गर्ने गरेको पाइएन ।

(६.३) नगरपालिकाले नियमित रुपमा कार्यक्रमको सार्वजनिक सुनुवाई गर्ने गरेको पाइयो ।

(६.४) नगरपालिकाले आआफ्ना क्षेत्रका पन्जीकरणको तथ्याङ्क अध्यावधिक गर्ने गरेको पाइयो ।

(६.५) नगरपालिकाले स्थानीय रेडियो, एफ.एम. र छापा माध्यमद्वारा सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको पाइयो ।

(६.६ ) नगर स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, ज्रेष्ठ नागरिक लगायत अन्य लक्षित समुहहरूको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा अभिवृद्धि भई यी वर्गहरूको नगरको विकास कार्यहरूमा सहभागिता वृद्धि भएको पाइयो ।

**(७) मानव संसाधन र सम्वन्ध विस्तार**

(७.१) नगरका कर्मचारीहरूले आन्तरिक र वाह्रय श्रोत व्यक्तिहरूसँग मिलेर लैङ्गिक तथा सामाजिक प्रभाव संम्बन्धी अध्ययन गर्ने गरेका छन ।

(७.२) लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत छलफल गरी यस क्षेत्रको विकासको लागि नियमित रुपमा कार्य हुने गरेको पाइएन ।

(७.३) लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण लागि जिल्लाका अल्पकालीन (वार्षिक) र दीर्घकालीन (वहुवार्षिक) योजना तयार पारेको पाइएन ।

(७.४)नगरपालिकाले महिलाहरूको लागि लोक सेवा आयोग पूर्व तयारी कक्षाका लागि तालिमको व्यवस्था नगरेको पाइयो ।

**(८) नेपाल सरकारका लैङ्गिक तथा सामाजिक विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन**

(८.१) महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका बारेमा जिविसका पदाधिकारीहरू वा कर्मचारीहरूलाई जानकारी नभएकोले सोको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन नभएको पाइएको छ ।

(८.२) लैङ्गिक हिंसा रहित वडा/ नगर/ घोषणा गर्दै जानुपर्नेमा सो कार्य नभएको पाइएको छ ।

(८.३) नगरपालिकाबाट आदिबासी जनजातीहरूको विकासको लागि कार्यक्रमहरू यी वर्गहरूको सहभागितामा संचालन गर्ने गरको पाइयो ।

(८.४) महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अपनाएको पाईएको छ ।

## २.६ लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

**तालिका ४ : लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना**

| उद्देश्यहरू | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| **(१) नगरपालिकाको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | | | | |
| **नगरपालिकाको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास ( आवधिक र वार्षिक योजनामा)** | महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्बन्धी स्पष्ट दीर्घकालीन सोंच वा परिकल्पना तयार पार्नु पर्ने र त्यसले पारेको प्रभाव सुचकको आधारमा समीक्षा गर्नुपर्ने | आ.व. ७३/७४ | | सामुदायिक बिकास शाखा/योजना शाखा |
| **लैङ्गिक तथा समावेशी संवेदनशील कार्य प्रणाली** | कार्यालयमा हुन सक्ने महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गर्नुपर्ने तथा महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिई बच्चालाई स्तनपान गराउने स्थानको तयारी गर्ने | आ.व. ७३/७४ | | सामुदायिक बिकास शाखा |
| महिला पुरुष समविकास ( कर्मचारी/पदाधिकारी) | नगरपालिकाको निर्णायक तहमा ( कर्मचारी/पदाधिकारी) महिलाहरूको समान ( ५० र ५०) प्रतिनिधित्व गराउनुपर्ने । | आ.व. ७३/७४ | | सामुदायिक बिकास शाखा/योजना शाखा , नपा |

**(२) नगरपालिकाको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण**

| उद्देश्यहरू | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| नगरपालिकाको क्षमता विकास कार्ययोजना | नगरपालिकाको क्षमता विकास योजना अद्यावधि गरी सोको कार्ययोजना तयार गर्नुपर्ने | आ.व. ७३/७४ | | सामुदायिक बिकास शाखा/कार्यकारी अधिकृत |
| लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास बजेटको व्यवस्था | तालिममा सवै पदाधिकारी/कर्मचारी देखि वडा सचिव र सामाजिक परिचालकहरू सम्मलाई तालिम दिन | आ.व. ७३/७४ | | सामुदायिक बिकास शाखा/योजना |

| उद्देश्यहरू | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| गर्नुपर्ने | आवश्यक पर्ने रकम विनियोजन गरिनुपर्ने । | | | शाखा |
| नगरपालिकाको क्षमता विकास कार्ययोजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अनुसार गर्ने | नगरपालिकाको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परिक्षण नियमित रुपमा गर्न प्रयाप्त बजेटको व्यवस्था गर्ने | पौष मसान्त | | सामुदायिक बिकास शाखा/योजना शाखा/लेखा शाखा |

**(३) लक्षित कार्यक्रम**

| उद्देश्यहरू | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| कार्यक्रम तर्जुमा गर्दा लक्षित समूहको सहभागिता सुनिश्चित गर्ने | नगरपालिकाको योजना तर्जुमा गर्दा लक्षित समुदायको तथ्यांकलाई आधार मानेर गर्ने । | पौष मसान्त | | योजना शाखा/सूचना शाखा |
| महिलाहरूको उत्थानका लागि कार्यक्रमहरू सञ्चालन गर्ने | महिलाहरूको स्वास्थ सुधार सम्बन्धी विशेष कार्यक्रमहरूका लागि स्वास्थ शिविरहरू प्रयाप्त मात्रामा राख्ने साथै महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू स्थानीयकरण गरी वडातहमा संचालन गर्नुपर्ने । | आ.व. ७३/७४ | | सामुदायिक बिकास शाखा |
| स्थानीय स्वायत्त शासन ऐनमा भएका प्रावधान अनुसारका कार्यक्रमहरू सचालन गर्ने | नगरपालिकाको योजना तर्जुमा गर्दा महिलालाई प्रत्यक्ष लाभ हुने र महिलाको लागि स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरूमा कम ध्यान दिइएको पाइएकोले यसलाई सुधार गर्न ग्रमीण महिलाको सहभागिता बढाउनुपर्ने । | पौष मसान्त | | सामुदायिक बिकास शाखा/योजना शाखा, नगरपालिका |

**(४) लैङ्गिक तथा सामाजिक समावेशी योजना तर्जुमा, कार्यान्वियन, अनुगमन तथा मूल्यांकन**

| उद्देश्यहरू | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| योजना तर्जुमामा लैङ्गिक | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं | पौष मसान्त | | सामुदायिक |

| उद्देश्यहरू | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| तथा सामाजिक समावेशी विकास गर्ने | लक्षित समुहहरू को छुट्टा छुट्टै अवस्था विश्लेषण र आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने | | | बिकास शाखा/योजना शाखा |
| योजना कार्यान्वयनमा लैङ्गिक तथा सामाजिक समावेशी विकास गर्ने | नगरपालिकाले लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण सम्बन्धी थप कार्यक्रम तय गर्नुपर्ने | पौष मसान्त | | सामुदायिक बिकास शाखा |
| अनुगमन र मूल्याङ्कन गर्ने | अनुगमनबाट आएका सुझाव तथा सिकाईलाई लागु गरी योजना तर्जुमा गर्ने परिपाठीको विकास गरिनुपर्ने । | आ.व. ७३/७४ | | कार्यकारी अधिकृत ,नगरपालिका |

**(५) आन्तरिक संरचना**

| उद्देश्यहरू | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| नगरपालिकामा महिला तथा लक्षित समुहको सहभागिता सुनिश्चित गर्ने | लक्षित वर्गको सहभागिताको लागि आदिवासी, जनजाति महिला, दलित उत्थान समितिको पदाधिकारीहरू, लक्षित समुहहरूको कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन कार्यमा सक्रिय बनाउने | आ.व. ७३/७४ | | सामुदायिक विकास शाखा |
| वित्त तथा लेखा व्यवस्थापन गर्ने | लैङ्गिक डेक्सका लागि छुट्टै कोष स्थापना गर्ने | पौष मसान्त | | लेखा शाखा |
| नगरपालिकामा विभिन्न समिति गठन गर्ने | नगरपालिका अन्तर्गत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरी सक्रिय रुपमा संचालनमा ल्याउनु पर्ने सोका लागि बजेट विनियोजन गर्नुपर्ने | पौष मसान्त | | सामुदायिक विकास शाखा |

**(६) सुशासन**

| उद्देश्यहरू | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|

| उद्देश्यहरू | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| पारदर्शिता/ जवाफदेहितामा अभिवृद्धि गर्ने | नगरपालिकाले खण्डीकृत तथ्याँकलाई कम्प्यूटरकृत गर्नुपर्ने, वर्षको ३ पटक सार्वजनिक सुनुवाई गर्ने | असार मसान्त | | सुचना शाखा |
| सुचना व्यवस्थापन गर्ने | सूचना तथा अभिलेखमा रहेको खण्डीकृत तथ्याङ्क र सूचनालाई अद्यावधि गरी त्यसका आधार नगरपालिका विकास योजना तर्जुमा गर्नुपर्ने । | असार – पौष मसान्त | | सुचना शाखा, योजना शाखा |
| सुचना शिक्षा र संचार | नगरपालिकाले रेडियो, एफ.एम. र छापा माध्यमद्वारा सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने | असार मसान्त | | सुचंना शाखा |

**७. मानव संसाधन र सम्वन्ध विस्तार**

| उद्देश्यहरू | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| मानव संसाधन व्यवस्थापन गर्ने | तालिमका लागि श्रोत व्यक्ति (महिला, पुरुष) तयार पारि तिनीहहरूको सुचीकृत अभिलेख अद्यावधि गर्ने । | आ.व. ७३/७४ भित्र | | सामुदायिक विकास शाखा ,सुचना शाखा |
| सम्वन्ध विस्तार गर्ने | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत संयन्त्र ( संजाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिमहरू प्रदान गर्ने | आ.व. ७३/७४ भित्र | | सामुदायिक विकास शाखा |
| | महिलाहरूको लागि लोक सेवा आयोग पूर्व तयारी कक्षाका लागि तालिमको व्यवस्था गर्नुपर्ने | आ.व. ७३/७४ भित्र | | सामुदायिक विकास शाखा तथा लेखा शाखा |
| व्यावहारिक र रणनीतिक आवश्यकता परिपूर्ति गर्ने | लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण लागि नगरपालिका अल्पकालीन (वार्षिक) र दीर्घकालीन ( | | | सामुदायिक विकास शाखा |

| उद्देश्यहरू | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| | वहुवार्षिक) योजना तयार गर्ने | | | |

**ट. नेपाल सरकारका लैङ्गिक तथा सामाजिक विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन**

| उद्देश्यहरू | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| नेपाल सरकारका लैङ्गिक विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन गर्ने | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका बारेमा नगरपालिकाका पदाधिकारीहरू वा कर्मचारीहरूलाई अभिमुखीकरण गर्ने | आ.व. ७३/७४ भित्र | | सामुदायिक विकास शाखा |
| महिला विरुद्ध हुने सवै खाले हिंसा निर्मूल पार्ने | १६ दिने महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू नगरपालिकाले संचालन गर्ने र हरेक वर्ष अति उत्कृष्ट कार्य गर्ने महिलाहरूलाई सम्मान गर्ने कार्यक्रम मनाउने | पौष मसान्त भित्र बजेट विनियोजन | | सामुदायिक विकास शाखा |
| नेपाल सरकारका सामाजिक समावेशीका विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन गर्ने | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा नगरपालिकाको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गर्ने । | पौष मसान्त भित्र बजेट विनियोजन | | सामुदायिक विकास शाखा |

**<u>सन्दर्भ सामाग्रीहरु</u>**


- स्थानिय निकाय लैंगिक उत्तरदायि तथा सामाजिक समावेसि वजेट तर्जूमा एवं परिक्षण निर्देशिका
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जिल्ला स्तरिय प्रशिक्षण स्रोत पुस्तिका
- नगर विकास योजना आ.ब २०७२/२०७३